# प्रदेश राजपत्र

**कर्णाली प्रदेश सरकारद्वारा प्रकाशित**

**खण्ड १) सुर्खेत, फागुन ६ गते, २०७४ साल (पूर्वअतिरिक्ताङ्क १**


# भाग ३

## प्रदेश सरकार

## आन्तरिक मामिला तथा कानून मन्त्रालय

प्रदेश सरकार मन्त्रिपरिषद्को निर्णय, सार्वजनिक लिखतहरु सर्वसाधारणको जानकारीका लागि प्रदेश राजपत्रमा प्रकाशन गर्ने प्रयोजनको लागि देहाय बमोजिमको "प्रदेश राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि, २०७४" प्रदेश सरकारको मिति २०७४।११।६ को निर्णयबाट स्वीकृत भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

# प्रदेश राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि, २०७४

**प्रस्तावनाः** प्रदेश सरकारबाट सर्वसाधारणको लागि प्रदेश राजपत्रमा प्रकाशन गर्नुपर्ने सूचनाको ढाँचा र प्रकृयाको सम्बन्धमा प्रदेश सरकार, मन्त्रिपरिषद्ले देहायको कार्यविधि बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "प्रदेश राजपत्र प्रकाशन कार्यविधि, २०७४" रहेको छ ।

(२) यो कार्यविधि प्रदेश सरकारबाट स्वीकृत भएको मितिबाट लागु हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "प्रदेश राजपत्र" भन्नाले प्रदेश सरकारबाट प्रकाशन भएको प्रदेश राजपत्र सम्झनु पर्छ ।

(ख) "प्रदेश" भन्नाले प्रदेश नं. ६ सम्झनुपर्छ ।

३. **प्रदेश राजपत्रमा सूचना प्रकाशन गरिनेः** (१) केही सार्वजनिक लिखत प्रमाणीकरण सम्बन्धी प्रदेश कानूनमा तोके बमोजिमका सूचना प्रदेश राजपत्रमा प्रकाशन गरिनेछ :-

(क) प्रदेश प्रमुखबाट प्रमाणीकरण भएका ऐन वा अध्यादेश, भाग - १

(ख) प्रदेश सरकारले बनाएका नियम, प्रदेश कानून बमोजिम प्रदेशसरकारबाट जारी भएको आदेश, भाग - २

(ग) संविधान बमोजिमको नियुक्ति, प्रदेश ऐन, नियम, आदेश अन्तर्गत वा प्रदेश सरकारको निर्णय बमोजिम प्रदेश राजपत्रमा प्रकाशन गर्नुपर्ने सूचना, भाग - ३

(२) उपदफा (१) बमोजिमको प्रदेश राजपत्र आन्तरिक मामिला तथा कानून मन्त्रालयले प्रकाशन गर्नेछ ।

४. <u>प्रदेश राजपत्रमा सूचना प्रकाशन गर्ने प्रकृयाः</u> (१) ऐन वा अध्यादेश प्रदेश प्रमुखबाट प्रमाणीकरण भएपछि आन्तरिक मामिला तथा कानून मन्त्रालयको सचिवले हस्ताक्षर गरी प्रदेश राजपत्रमा प्रकाशन गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको सूचना बाहेक अन्य सूचना सम्बन्धित निकाय वा अधिकारीको निर्णयको आधारमा सम्बन्धित मन्त्रालय वा निकायको सचिव वा निजले तोकेको अधिकारीले सम्पादनको लागि निर्णय फाईल सहित सम्बन्धित प्रदेशको आन्तरिक मामिला तथा कानून मन्त्रालयमा पठाउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम प्राप्त सूचना प्रदेश राजपत्रमा प्रकाशन गर्ने भाग समेत खुलाई आन्तरिक मामिला तथा कानून मन्त्रालयले सम्बन्धित मन्त्रालय वा निकायमा सूचना सम्पादन गरी पठाउनु पर्नेछ ।

(४) सम्बन्धित मन्त्रालय वा निकायले प्रदेश राजपत्र छपाईको लागि लेखी पठाउँदा सम्बन्धित निकायको पत्र सहित सूचनाको प्रमाणित प्रति तथा विद्युतीय प्रति संलग्न गरी पठाउनु पर्नेछ ।

(५) उपदफा (३) बमोजिम सम्पादनको लागि पठाएको सूचनामा सम्बन्धित मन्त्रालय वा निकायको सचिवको नाम राखी निजको हस्ताक्षर सहित प्रदेश राजपत्रमा प्रकाशनको लागि आन्तरिक मामिला तथा कानून मन्त्रालयमा पठाउनु पर्नेछ ।

५. **<u>प्रदेश राजपत्र प्रकाशन गरिने अङ्कः</u>** (१) प्रदेश राजपत्र प्रकाशन गर्दा ऐन र अध्यादेश बाहेकका सूचना नियमित अङ्कको रूपमा प्रत्येक हप्ताको बुधवार प्रकाशन हुनेछ ।

(२) प्रदेश राजपत्र प्रकाशन गर्दा देहाय बमोजिम अतिरिक्ताङ्क गरी प्रकाशन गर्नुपर्नेछः-

(क) ऐन र अध्यादेश प्रदेश प्रमुखबाट प्रमाणीकरण भएको मितिदेखि लागू हुने गरी,

(ख) जुन निकाय वा अधिकारीको निर्णय बमोजिमको सूचना प्रकाशन गरिने हो सो निकाय वा अधिकारीले अतिरिक्ताङ्क गरी प्रकाशन गर्ने भनी निर्णय गरेको सूचना बमोजिमको मिति देखि लागू हुने गरी ।

(३) उपदफा (१) बमोजिमको नियमित अङ्क र उपदफा (२) बमोजिमको अतिरिक्ताङ्कको संख्या कायम गर्दा प्रत्येक वर्षको वैशाख १ गते देखि प्रकाशन गरिने सम्बन्धित प्रदेशको सूचनाको आधारमा वर्ष, मिति र संख्या कायम गर्नुपर्नेछ ।

६. **<u>प्रदेश राजपत्रको ढाँचाः</u>** (१) दफा ३ बमोजिमको प्रदेश राजपत्र अनुसूची - १ बमोजिमको ढाँचामा प्रकाशन गर्नुपर्नेछ ।

(२) प्रदेश राजपत्रको कागज तथा अक्षरको साइज र फन्ट अनुसूची - २ मा तोके बमोजिम हुनेछ ।

७. **<u>प्रदेश राजपत्रको छपाइ खर्चः</u>** (१) यस कार्यविधि बमोजिम प्रदेश राजपत्रको छपाइ गर्दा लाग्ने खर्च निर्धारण गरे बमोजिम हुनेछ ।

अनुसूची - १

दफा ६ को उपदफा (१) सँग सम्बन्धित

**प्रदेश राजपत्रको ढाँचा**

**प्रदेश राजपत्र**

**............ प्रदेश सरकारद्वारा प्रकाशित**

खण्ड .........) वीरेन्द्रनगर, सुर्खेत ..............महिना......... गते

...........साल (नियमित / अतिरिक्ताङ्क)

**भाग ............**

**................ प्रदेश सरकार**

**............. मन्त्रालयको**

**सूचना**

प्रमाणीकरण मिति : .............................

आज्ञाले

नाम :

पद :

अनुसूची - २

दफा ६ को उपदफा (२) सँग सम्बन्धित

## प्रदेश राजपत्रको साइज

१. प्रदेश राजपत्रको कागजको साइजः लम्बाई ८.३ इन्च र चौडाई ५.४ इन्च

२. अक्षरको साईजः १० प्वाइन्ट, फन्टः कालिमाटी

**आज्ञाले,**

**केशवराज आचार्य**

**प्रदेश सरकारको सचिव**



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू ५।-
गो.हु.द.नं. १६।२०६२।६३